"सिरीजङ्घाको गौरव, कन्चनजङ्घा "

# सिरीजङ्घा राजपत्र


सिरीजङ्घा गाँउपालिकाद्धारा प्रकाशित

खण्ड २) ताप्लेजुङ, प्रदेश नम्वर १, नेपाल, पौष १ गते २०७७ साल (संख्या १५


## भाग २

सिरीजङ्घा गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

सिरीजङ्घा गाँउपालिकाको गाँउ कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरीएको छ ।

सम्वत् २०७७ सालको ऐन / नियमावली / निर्देशिका / कार्यविधि / मापदण्ड नं. १५

# नि:शुल्क शिक्षा, हामी सवैको इच्छा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रमाणीकरण मिति : २०७७।०८।३०

प्रस्तावना: प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ भनी नेपालको संविधानको धारा ३१ को उपधारा (२) मा व्यवस्था भएको शिक्षा सम्बन्धी मौलिक हकलाई गाउँपालिकामा उपलब्ध स्रोत/साधन समेतलाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्र क्रमशः कार्यान्वयनमा लगी स्थानीय सरकारको प्रत्यक्ष उपस्थितिको बोध आम सिरीजङ्गाबासीहरुलाई दिलाउने उद्देश्यले सिरीजङ्गा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) द्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर १६ को खण्ड (क), (ग) (घ) र (ङ) लाई व्यवस्थित र पारदर्शी तवरले कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

सिरीजङ्गा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सिरीजङ्गा गाउँ कार्यपालिकाको मिति २०७७।०८।२८ गते बसेको बैठकले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## भाग १

## परिभाषा र व्याख्या

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "**नि:शुल्क शिक्षा, हामी सबैको इच्छा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**" रहेको छ।

(२) यो कार्यविधि सिरीजङ्गा राजपत्रमा प्रकाशन भएपछि सिरीजङ्गा गाउँपालिका क्षेत्रभर लागू हुनेछ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "कार्यक्रम" भन्नाले सिरीजङ्गा गाउँपालिकाको नियमित गाउँ सभा अधिवेशन (सातौं) द्वारा पारित नीति तथा कार्यक्रमको बुँदा नम्बर (१६) को खण्ड (क), (ग), (घ) र (ङ) मा उल्लिखित नि:शुल्क शिक्षा, हामी सबैको इच्छा कार्यक्रम सम्झनुपर्छ।

(ख) "कार्यालय" भन्नाले सिरीजङ्गा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकलाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले सिरीजङ्गा गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "कार्यविधि" भन्नाले "निःशुल्क शिक्षा, हामी सबैको इच्छा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" लाई सम्झनुपर्छ।

(ङ) "शिक्षा शाखा" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकको शिक्षा तथा सामाजिक विकास शाखालाई सम्झनुपर्छ।

(च) "विद्यालय" भन्नाले गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित सामुदायिक विद्यालयलाई सम्झनुपर्छ।

(छ) "गाउँपालिका" भन्नाले सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङलाई सम्झनुपर्छ।

(ज) "वडा" भन्नाले सिरीजङ्घा गाउँपालिका मातहतका कुनैपनि वडालाई सम्झनुपर्छ।

(झ) "सभा" भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ सभा अधिवेशनलाई सम्झनुपर्छ।

(ञ) "स्वीकृत बजेट" भन्नाले सभाबाट सामाजिक विकास शीर्षक तर्फ कक्षा ११ र १२ निःशुल्क अध्यापनका लागि विनियोजित बजेट वा कक्षा १ देखी ५ सम्मका विद्यार्थीलाई पोशाक र स्कुल ब्याग निःशुल्क उपलब्ध गराउन विनियोजित बजेट वा शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोषका लागि विनियोजित बजेटमध्ये सबै वा कुनै दुई वा कुनै एक मात्र विनियोजित बजेटलाई सम्झनुपर्छ।

(ट) "शिक्षा समिति" भन्नाले सिरीजङ्घा गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(ठ) "राजस्व तथा आर्थिक प्रशासन शाखा" भन्नाले सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकको राजस्व तथा आर्थिक प्रशासन शाखालाई सम्झनुपर्छ।

## भाग २

## कक्षा ११ र १२ निःशुल्क अध्यापन सम्बन्धी व्यवस्था

३. कक्षा ११ र १२ निःशुल्क अध्यापन गराउन अनुदान उपलब्ध गराइनेः गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा कक्षा ११ र १२ अध्ययन गर्न भर्ना भएका प्रत्येक विद्यार्थीलाई निःशुल्क अध्यापन गराउने प्रयोजनका लागि कार्यालयले देहायमा उल्लिखित शीर्षक बमोजिमको रकम सम्बन्धित विद्यालय मार्फत उपलब्ध गराउने छ।

(क) भर्ना शुल्क, रजिष्ट्रेशन र परीक्षा दस्तुर वापत् (वार्षिक) - एक हजार पाँच सय रुपैंया, र

(ख) मासिक शुल्क वापत् - चार सय रुपैंया।

४. <u>विद्यालयले चौमासिकरुपमा रकम निकासा माग गर्नु पर्ने:</u> (१) विद्यालयले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विकास गरेको आई.इ.एम.आई.एस. प्रणालीमा कक्षागतरुपमा प्रविष्ट गरिएको विद्यार्थी संख्याको आधारमा शिक्षा शाखाले तोकेको ढाँचामा प्रत्येक चौमासिकमा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यालय समक्ष यस कार्यविधिको दफा ३ बमोजिमको रकम निकासा माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित विद्यालयबाट रकम निकासा माग भई आए पश्चात् शिक्षा शाखाले आवश्यक छानवीन गरी सिफारिस साथ रकम निकासा गरी दिनका लागि राजस्व तथा आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस प्राप्त भए पश्चात् राजस्व तथा आर्थिक प्रशासन शाखाले सम्बन्धित विद्यालयको बैंक खातामा सोझै रकम जम्मा हुने गरी रकम निकासा गरी दिनु पर्नेछ।

## भाग ३

## कक्षा १ देखी ५ सम्म अध्ययन गर्ने विद्यार्थीलाई पोशाक र स्कुल ब्याग <u>निःशुल्क वितरण सम्बन्धी व्यवस्था</u>

५. <u>कक्षा १ देखी ५ सम्म अध्ययन गर्ने विद्यार्थीलाई पोशाक र स्कुल ब्याग निःशुल्क उपलब्ध गराउन अनुदान उपलब्ध गराइने:</u> (१) गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालय (प्रा.वि.स्तर) मा कक्षा १ देखी ५ सम्म अध्ययन गर्न भर्ना भएका प्रत्येक विद्यार्थीलाई पोशाक र स्कुल व्याग निःशुल्क उपलब्ध गराउने प्रयोजनका लागि कार्यालयले देहायमा उल्लिखित शीर्षक बमोजिमको रकम सम्बन्धित विद्यालय मार्फत उपलब्ध गराउने छ।

(क) पोशाक (एक जोडी सर्ट, पेण्ट र स्वेटर) वापत् - एक हजार पाँच सय रुपैंया, र

(ख) एक थान स्कुल ब्याग वापत् - पाँच सय रुपैंया।

६. <u>विद्यालयले रकम निकासा माग गर्नु पर्ने:</u> (१) विद्यालयले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विकास गरेको आई.इ.एम.आई.एस. प्रणालीमा कक्षागत रुपमा प्रविष्ट गरिएको विद्यार्थी संख्याको आधारमा शिक्षा शाखाले तोकेको

ढाँचामा यस कार्यविधिको दफा ५ बमोजिमको रकम प्रत्येक शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यालय समक्ष निकासा माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित विद्यालयबाट रकम निकासा माग भई आए पश्चात् शिक्षा शाखाले आवश्यक छानवीन गरी सिफारिस साथ रकम निकासा गरी दिनका लागि राजस्व तथा आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस प्राप्त भए पश्चात् राजस्व तथा आर्थिक प्रशासन शाखाले सम्बन्धित विद्यालयको बैंक खातामा सोझै रकम जम्मा हुने गरी रकम निकासा गरी दिनु पर्नेछ।

७. <u>निःशुल्क उपलब्ध गराइने पोशाक र स्कुल ब्यागको गुणस्तर तोकिनेः</u> यस कार्यविधि बमोजिम निःशुल्क उपलब्ध गराइने पोशाक र स्कुल ब्यागको गुणस्तर गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

## भाग ४

## <u>निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन सम्बन्धी व्यवस्था</u>

८. <u>एस.इ.इ. परीक्षामा सहभागी हुने विद्यार्थीहरुलाई निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालन गरिनेः</u> (१) गाउँपालिका क्षेत्रभित्रका विद्यालयबाट एस.इ.इ. परीक्षामा सहभागी हुने इच्छुक विद्यार्थीहरुलाई एस.इ.इ. परीक्षालाई लक्षित गरी वर्षको दुई महिनासम्म अंग्रेजी, गणित र विज्ञान जस्ता विषयमा सम्बन्धित विद्यालयमै निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालनको व्यवस्था मिलाइनेछ।

(२) विद्यालयले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विकास गरेको आई.इ.एम.आई.एस. प्रणालीमा कक्षागत रुपमा प्रविष्ट गरिएको विद्यार्थी संख्याको आधारमा शिक्षा शाखाले तोकेको ढाँचामा कोचिङ कक्षा सञ्चालनका लागि गाउँपालिकाले व्योहोर्ने रकम कोचिङ कक्षा समाप्त भएको एक महिनाभित्र सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय सहित कार्यालय समक्ष निकासा माग गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सम्बन्धित विद्यालयबाट रकम निकासा माग भई आए पश्चात् शिक्षा शाखाले आवश्यक छानवीन गरी सिफारिस साथ रकम निकासा गरी दिनका लागि राजस्व तथा आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको सिफारिस प्राप्त भए पश्चात् राजस्व तथा आर्थिक प्रशासन शाखाले सम्बन्धित विद्यालयको बैंक खातामा सोझै रकम जम्मा हुने गरी रकम निकासा गरी दिनु पर्नेछ।

९. <u>कोचिङ कक्षा सञ्चालनको लागि विषय शिक्षकको व्यवस्थापनः</u> पहिलो प्राथमिकतामा यस कार्यविधि बमोजिम सञ्चालन हुने निःशुल्क कोचिङ कक्षा सञ्चालनका लागि आवश्यक पर्ने विषय शिक्षकहरुको व्यवस्थापन कोचिङ कक्षा सञ्चालन हुने विद्यालयमा अध्यापन गराउने विषय शिक्षकहरुमध्येबाट गर्ने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विषय शिक्षकको व्यवस्थापन हुन नसकेमा अन्य विद्यालयमा सम्बन्धित विषय अध्यापन गराउने शिक्षक वा सम्बन्धित विषय अध्यापन गराउन तोकिए बमोजिमका योग्यता पुगेका व्यक्तिहरुबाट भएपनि सम्बन्धित विषय शिक्षकको व्यवस्थापन सम्बन्धित विद्यालयले मिलाउन सक्नेछ।

१०. <u>कोचिङ कक्षा अध्यापन गराउने विषय शिक्षकलाई उपलब्ध गराइने सेवा सुविधा सम्बन्धी व्यवस्थाः</u> (१) कोचिङ कक्षा अध्यापन गराउने सम्बन्धित विषयका विषय शिक्षकलाई प्रति कक्षा चार सय रुपैंयाका दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

११. <u>शिक्षा समितिको निर्णय अन्तिम हुनेः</u> स्वीकृत बजेट भित्रबाट निःशुल्क कोचिङ कक्षा सञ्चालनका लागि कोचिङ कक्षाको विधा, संख्या तथा समयावधी निर्धारण लगायतका अन्य नीतिगत व्यवस्थाको अन्तिम निर्णय शिक्षा समितिको निर्णय बमोजिम हुनेछ।

## भाग ५

## शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोष र यसबाट व्योहोरिने खर्च सम्बन्धी <u>व्यवस्था</u>

१२. <u>शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोष सम्बन्धी व्यवस्थाः</u> गाउँपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने ध्येयका साथ सभाबाट शैक्षिक कार्यसम्पादन कोषका लागि विनियोजन गरिने बजेट अनुसार गाउँपालिकामा एक शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोष रहनेछ।

१३. <u>शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोषबाट व्योहोरिने खर्चः</u> कार्यालयले शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोषबाट देहायमा उल्लिखित शैक्षिक क्रियाकलापमा खर्च लेख्न सक्नेछः

(क) यस कार्यविधि बमोजिम सञ्चालन गरिने निःशुल्क अतिरिक्त कोचिङ कक्षा सञ्चालनका लागि आवश्यक पर्ने रकम,

(ख) कक्षा ११ र १२ निःशुल्क अध्यापन गराउन सम्बन्धित खर्च शीर्षकमा विनियोजन गरिएको रकमबाट नपुग हुने भएमा सो कार्यका लागि आवश्यक पर्ने रकम,

(ग) यस कार्यविधि बमोजिम कक्षा १ देखी ५ सम्म अध्ययन गर्ने विद्यार्थीका लागि उपलब्ध गराइने निःशुल्क पोशाक र स्कुल ब्याग वितरणका लागि सम्बन्धित खर्च शीर्षकमा विनियोजन गरिएको रकमबाट नपुग हुने भएमा सो कार्यका लागि आवश्यक पर्ने रकम,

(घ) हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, चित्रकला, बा
ल मण्टेश्वरी तथा प्रारम्भिक वाल कक्षा सञ्चालन जस्ता शैक्षिक क्रियाकलाप विकास र विस्तारका लागि आवश्यक पर्ने रकम।

## भाग ६

## <u>विविध</u>

१४. <u>अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थाः</u> (१) शिक्षा शाखाले यस कार्यविधिले व्यवस्था गरेका क्रियाकलापहरु गुणस्तरीय र पारदर्शी तवरले सञ्चालन भए/नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा मूल्यांकन गरी शिक्षा समितिको बैठकमा चौमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) शिक्षा समितिले यस कार्यविधिले व्यवस्था गरेका प्रावधानहरुको उपादेयता र आगामी दिनमा गाउँपालिकाले चाल्नु पर्ने कदम समेत उल्लेख गरिएको वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ।

१५. <u>आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धी व्यवस्थाः</u> यस कार्यविधि बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न कार्यालयबाट रकम निकासा लैजाने विद्यालयले उक्त निकासा हुने रकमको प्रचलित कानून बमोजिम खर्च गरी सोको

आन्तरिक तथा अन्तिम लेखापरीक्षण सम्बन्धित विद्यालय स्वयंले गराउनु पर्नेछ र, सोको प्रतिवेदन कार्यालयमा समेत उपलब्ध गराउनु पर्नेछ।

१६. <u>स्थानीय उत्पादनलाई पहिलो प्राथमिकता दिनु पर्ने</u>: यस कार्यविधिले व्यवस्था गरेको कक्षा १ देखी ५ सम्मका विद्यार्थीहरुलाई सम्बन्धित विद्यालय मार्फत निःशुल्क वितरण गरिने स्कुल ब्याग, पोशाक जस्ता सामाग्रीहरु वितरण गर्दा स्थानीय उत्पादनलाई पहिलो प्राथमिकतामा राखी त्यस्ता सामाग्रीहरु प्रचलित कानून बमोजिम खरिद गर्नु पर्ने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनु पर्नेछ।

१७. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिए जति विषय यसै कार्यविधि बमोजिम तथा अन्य विषयको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

१८. <u>वाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था</u>: यस कार्यविधि कार्यान्वयनमा कुनै वाधा वा अड्चन आइपरेमा शिक्षा समितिले निर्णय गरी तत्काल त्यस्तो वाधा वा अड्चन फुकाउन सक्नेछ र सोको जानकारी कार्यपालिकामा पेश गर्नु पर्नेछ।

आज्ञाले,<br>
श्री सन्तोष घिमिरे<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
सिरीजङ्घा गाउँपालिका,<br>
ताप्लेजुङ ।